बारा जिल्ला अदालत
कलैया

श्री

# बारा जिल्ला अदालतबाट जारी भएको

## दशीका जिन्सी सामान फिर्ता लिन आउने बारेको

## जरुरी सूचना

*सूचना प्रकाशित मिति २०७५/०४/३०*

बिभिन्न मितिमा विभिन्न मुद्दाहरुमा दशी स्वरुप यस अदालतमा दाखिल हुन आई मिति २०७५ साल आषाढ मसान्त सम्म यस अदालतको जिन्सीमा आम्दानी बाँधिएका सवारी साधन लगायत सम्पूर्ण जिन्सी सामानहरुको ब्यबस्थापन गर्नु पर्ने भएकोले कानून र अन्तिम फैसलाले फिर्ता दिने ठहर भएका जिन्सी सामानहरु मध्ये चोरी मुद्दाको हकमा मुलुकी ऐन, चोरीको २१ नं. का म्याद ३ महिना भित्र र अन्य मुद्दाहरुको हकमा यो सूचना प्रकाशित भएका मितिले १ महिना भित्र आफ्नो हक पुग्ने प्रमाण सहित फिर्ता लिन आउनु होला । साथै फैसलामा केही उल्लेख नभएको, सवारी धनी पत्ता नलागेको तथा जफतको दाबी समेत नभएका दशीको सवारी साधनहरु र दशीका अन्य सामानहरुको हकमा त्यस्ता सवारी साधनहरु तथा दशिका त्यस्ता सामानहरु फिर्ता लैजान चाहे आफ्नो हक पुग्ने प्रमाण सहित यो सूचना प्रकाशित भएका मितिले १ महिना भित्रमा सम्बन्धित ब्यक्तिहरुले यस अदालतमा दाबी गर्न आउनु होला । यसरी फिर्ता लिन नआए मुल्याङकन समितिको निर्णय बमोजिम मुल्याङकन गरी त्यस्ता दशीका सामान तथा सवारी साधनहरु मुलुकी ऐन, दण्ड सजाय महलको ३४ नं. जिल्ला अदालत नियमावली २०५२ को नियम ९०क र ९०ख बमोजिम लिलाम बिक्री गरी रकम धरौटीमा आम्दानी बाँधिने र धरौटीमा आम्दानी बाँधिएको उक्त रकम समेत १ वर्ष भित्र फिर्ता लिन नआए राजस्वमा दाखिल भई जाने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि मिति २०७५/०४/२९ को निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ ।

०७५।४।३०

राजकुमार आचार्य
तहसिलदार
रा.प. तृतीय